# एकाइ 6 · पदार्थ

कार्यपत्र

पूर्णाङ्क 29

नाम ____________ कक्षा ______ रोल नं. ______ मिति ________ प्राप्ताङ्क ______ / 29

## 1 मुख्य शब्द [3]

कोठाका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस्। कोठाको एउटा शब्द प्रयोग हुँदैन। प्रत्येक खाली ठाउँको 0.5 अङ्क छ।

| असमान | खाँद्न | खुम्चिनु | पदार्थ | फुक्नु | मिश्रण | समान |
|---|---|---|---|---|---|---|

पिण्ड भएको र ठाउँ ओगट्ने जुनसुकै वस्तुलाई ____________ भनिन्छ। ग्याँसलाई थिचेर कम ठाउँमा अटाउन सकिन्छ, अर्थात् ग्याँसलाई ____________ सकिन्छ। तताउँदा वस्तुको आयतन बढ्नुलाई ____________ भनिन्छ। दुई वा दुईभन्दा बढी पदार्थ मिसिएर बनेको वस्तुलाई ____________ भनिन्छ। अवयव आँखाले देख्न नसकिने मिश्रणलाई ____________ मिश्रण भनिन्छ। अवयव आँखाले देख्न सकिने मिश्रणलाई ____________ मिश्रण भनिन्छ।

## 2 चित्रको नामाङ्कन [3]

चित्रमा तताउँदा र चिस्याउँदा पदार्थको अवस्था बदलिएको देखाइएको छ। 1 देखि 6 सम्मका अङ्कको ठाउँमा के लेखिनुपर्छ, लेख्नुहोस्। प्रत्येकको 0.5 अङ्क छ।




1. ____________ 2. ____________

3. ____________ 4. ____________

5. ____________ 6. ____________

## 3 बहुवैकल्पिक प्रश्न [5]

तलका प्रश्नको सही विकल्प छनोट गर्नुहोस्।

**i.** तलका मध्ये कुन पदार्थको बग्ने गुण हुन्छ? [1]

**क.** ठोस र तरल **ख.** तरल र ग्याँस

**ग.** ग्याँस र ठोस **घ.** ठोस, तरल र ग्याँस

**ii.** धातुको बिर्को कसिएको काँचको सिसी खोल्नुपर्‍यो भने तपाईँ के गर्नुहुन्छ? [1]

**क.** तेल हालेर खोल्ने
**ख.** बिर्कोलाई तातो पानीमा तताउने
**ग.** धारिलो वस्तुले काटेर खोल्ने
**घ.** धेरै बल लगाएर खोल्ने

**iii.** हावा कस्तो किसिमको मिश्रण हो? [1]

**क.** ठोस र तरलको मिश्रण
**ख.** तरल र ग्याँसको मिश्रण
**ग.** ग्याँस र ठोसको मिश्रण
**घ.** ग्याँस र ग्याँसको मिश्रण

**iv.** तलका मध्ये कुन मिश्रणका अवयव नाङ्गो आँखाले देख्न सकिन्छ? [1]

**क.** चिनी र पानी
**ख.** भिनेगर र पानी
**ग.** माटो र पानी
**घ.** नुन र पानी

**v.** धाराबाट धमिलो पानी आउँदा कुन विधि प्रयोग गरेर थाप्दा राम्रो हुन्छ? [1]

**क.** चाल्ने विधि
**ख.** छान्ने विधि
**ग.** हातले टिप्ने विधि
**घ.** निफन्ने विधि

## 4 ठिक कि बेठिक? [4]

वाक्य ठिक भए ✓ र बेठिक भए ✗ चिह्न लगाउनुहोस्। प्रत्येकको 1 अङ्क छ।

i. तरलको निश्चित आकार हुन्छ। ☐

ii. ग्याँस खाँद्न सकिने पदार्थ हो। ☐

iii. कोकाकोला तरल र तरलको मिश्रण हो। ☐

iv. धमिलो पानीको माटो छान्ने विधिबाट छुट्याउन सकिन्छ। ☐

## 5 मिश्रण छुट्याउने विधि [2]

समूह 'क' का मिश्रणलाई समूह 'ख' का छुट्याउने विधिसँग जोडा मिलाई कोठामा अक्षर लेख्नुहोस्। समूह 'ख' को एउटा विधि बढी छ। प्रत्येकको 0.5 अङ्क छ।

| **समूह 'क'** | | **समूह 'ख'** |
|---|---|---|
| **1.** चामलमा ढुङ्गा | ☐ | **क.** निफन्ने |
| **2.** चामलमा भुस | ☐ | **ख.** चाल्ने |
| **3.** पिठोमा डल्ला र चोकर | ☐ | **ग.** उमाल्ने |
| **4.** पानीमा माटो | ☐ | **घ.** हातले टिप्ने |
| | | **ङ.** छान्ने |

## 6 अति छोटो उत्तर [2]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

**क.** पदार्थ नभएका कुनै दुईओटा कुराको नाम लेख्नुहोस्। [1]

**ख.** छान्दा फिल्टर पेपरमा बाँकी रहेको ठोसलाई के भनिन्छ? [1]

## 7 छोटो उत्तर [8]

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

**क.** ठोस र तरलबिच कुनै दुईओटा फरक लेख्नुहोस्। [2]

**ख.** के पदार्थको अवस्था परिवर्तन गर्न सकिन्छ? कसरी? उदाहरणसहित लेख्नुहोस्। [2]

**ग.** रमिलाले गल्तीले खानेपानीमा बालुवा मिसाइन्। आमाले गाली गर्नुहोला भनेर उनी डराइन्। मिश्रण छुट्याउने विधि पढिसकेपछि तपाईँ उनलाई के सल्लाह दिनुहुन्छ? [2]

**घ.** प्रयोग भइसकेका प्लास्टिकका झोला सङ्कलन गरेको देख्नुभएको छ? यो किन गरिएको होला? [2]

## 8 सोच्नुहोस् [2]

सोचेर उत्तर लेख्नुहोस्।

मिनरल वाटर र अरू पेय पदार्थका बोतल किन माथिसम्म टिलपिल भरिँदैनन्?

## 9 क्रियाकलाप: अवयव देखिन्छन् कि देखिँदैनन्? (क्रियाकलाप 6.17) (अङ्क नदिइने)

पानी भरिएको गिलासमा तलका हरेक वस्तुको एक चम्चा हाल्नुहोस् र चलाउनुहोस्। मिल्ने कोठामा ठिक चिह्न (✓) लगाउनुहोस्।

| मिश्रण | अवयव देखिन्छन् | अवयव देखिँदैनन् | समान कि असमान? |
|---|---|---|---|
| नुन र पानी | | | |
| चिनी र पानी | | | |
| बालुवा र पानी | | | |
| भुस र पानी | | | |
| चकको धुलो र पानी | | | |

पानीमा घुलेर हराउने वस्तु कुन कुन हुन्?